# नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुमालगाउँ,कालिकोट
### कर्णाली प्रदेश,नेपाल

पत्र संख्याः २०८०/०८१
चलानी नं.

मितिः २०८०/०५/०१

**विषयः मौजुदा सूचिमा दर्ता वा अध्यावधिक हुने सम्बन्धि सूचना।**

उपरोक्त सम्बन्धमा यस कार्यालयका लागी चालु आ.व. २०८०/०८१ मा आवश्यक पर्ने निम्नानुसारका मालसामान तथा सेवाहरु खरिद गर्नुपर्ने भएकाले सार्वजानिक खरिद ऐन २०६३ को दफा ३० को उपदफा (६),बमोजिम मौजदा सूचिमा सूचिकृत हुन प्रकृति अनुसारका इच्छुक व्यक्ति, संस्था,आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैह्रसरकारी संस्था वा सेवा प्रदायकले फर्मले दर्ताको प्रमाणपत्र,स्थायी लेखा नम्बर वा मूल्य अभिवद्धि कर दर्ताको एवम नविकरण भएको प्रमाणपत्र को प्रतिलिपि, आ.व. २०७९/०८०को करचुक्ता तथा म्यादथप प्रमाणपत्रको प्रतिलिपि,आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र,मिडिया/विज्ञापन वा सूचना तथा संन्चार सम्बन्धि सेवा प्रदायकद्धाताको हकमा विज्ञापन बोर्डमा सूचिकृत भएको प्रमाणपत्र, कालो सूचिमा नपरेको स्वघोषणा पत्र, सहित आफुले आपुर्ति गर्न सक्ने देहायका मालसामान वा सेवाहरु को विवरण समेत उल्लेख गरि यो सूचना प्रकाशित भएको ३० (तिस) दिन भित्र रु.५००(अक्षेरुपि पाँच सय मात्र) नरहरिनाथ गाउँपालिकाको नाममा कृर्षि विकास बैंक रहेको आन्तरिक राजश्व खाता नं.०७२६००१५७४६७२२२३ मा राजश्व तिरेको बैंक भौचर सहित यस कार्यालयमा सूचि दर्ताका लागि सार्वजानिक खरिद नियमावलि २०६४को अनुसूची-२क बमोजिम निवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ।

**मौजुदा सूचिमा दर्ता गर्ने क्षेत्रहरुः**

१. स्टेशनरी, कार्यालय सामान, फर्निचर तथा फर्निसिङ्गका सामानहरु आपुर्ति।
२. सवारी साधन मर्मत तथा पाटपुर्जा,मेशनरी मर्मत तथा पाटपुर्जा र इन्धन आपुर्ति गर्ने कार्यहरु।
३. स्वास्थ्य सेवा तथा पशु सेवाका लागि औषधि तथा आवश्यक उपकरण आपुर्ति गर्ने कार्यहरु।
४. कृषि सेवाको बिउविजन,औषधि तथा आवश्यक उपकरण आपुर्ति गर्ने कार्यहरु।
५. छपाईका कार्य तथा सामाग्री आपुर्ति गर्ने कार्यहरु।
६. विद्युत तथा विद्युतिय सामाग्री आपुर्ति गर्ने कार्यहरु।
७. कम्प्यूटर सम्बन्धि पाटपुर्जा,मर्मत तथा सफ्टवेयर सम्वन्धि आपुर्ति गर्ने
८. परामर्श सेवा सम्बन्धि कार्यहरु।
९. एफ.एम, मिडीया,एड्भरटाईजमेन्ट,पत्रपत्रिका छपाई,विज्ञापन,सूचना तथा संन्चार सेवा सम्बन्धि कार्यहरु।
१०.खानेपानि पाइप तथा फिटिङ्गका सामाग्री आपुर्ति गर्ने कार्यहरु।
११.निर्माण कार्य, निर्माण सामाग्री तथा निर्माण औजार आपुर्ति गर्ने कार्यहरु।
१२.पालिका ढुवानि सेवा र आवश्यक खाजा, नास्ता तथा अन्य आपुर्ति गर्ने कार्यहरु।
१३. कार्यालय संन्चालनका लागि आवश्यक अन्य सामाग्री।

**नोटः यसरी सुचिकृत भएकाहरुबाट यस गाउँपालिका मा गरिने आपुर्ति/मर्मत/सप्लाई/खरिद/सेवाप्रदान/छपाई तथा सम्बन्धित अन्य कार्यहरु यस कार्यालय संग सम्झौता गरेर मात्र वा कार्यालयको आधिकारीक खरिद आदेश/मर्मत आदेश/कार्यालयको पत्र/लिखित आदेश लिएरमात्र गर्न गराउनु हुन जानकारी गरिन्छ साथै यस बमोजिम कार्य नगरेको पाईएमा त्यस्ता सामान,कार्यको,बिल,भरपाई,सेवा तथा आपुर्तिको जिम्मेवार नहुने र भुक्तानि पनि नगरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गरिन्छ।**

२०८०/०५/०१

निरक कुमार शाह
नि.प्रमुख प्रशासकीय अधिकृत


Email: naraharinathgapa@gmail.com ito.naraharinathmun@gmail.com